# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ११ बमोजिमको कार्यकारी समितिद्वारा मिति २०८१/०४/२१ मा स्वीकृत)


नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| पोष्ट बक्स नं: | २१३२१३ |
| फोन नं: | ९७७-१-४२११११९७, ९७७-१-४२११११९५ |
| इमेल: | **info@bipad.gov.np** |
| वेवसाइट: | **http://bipad.gov.np** |
| विपद् डाटा पोर्टल: | **http://bipadportal.gov.np** |
| **Facebook:** | **https://www.facebook.com/NDRRMA** |
| **Twitter:** | **@NDRRMA_Nepal** |
| प्रवक्ता सम्पर्क नं: | ०१-४२११४७१ / ९८५१३२०२६९ |

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ०८३/०८२
दर्ता मिति: २०८२।१२।०१


# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि,२०८१

कार्यकारी समितिबाट स्वीकृत मितिः २०८१।०४।२१

**प्रस्तावना:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा साझेदार संस्थाको कामलाई प्रभावकारी बनाउन एवं प्राप्त सहयोगलाई सरकारका प्राथमिकता अनुरुप सरल, सहज, पारदर्शी, समन्वयात्मक र एकीकृत ढंगले परिचालन गर्न आवश्यक भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ११ बमोजिमको काम, कर्तव्य र अधिकार अन्तर्गत रही सोही ऐनको दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो कार्यविधि बनाएको छ।

**(१). संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**(२). परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले समाज कल्याण ऐन, २०४९ को दफा १२ बमोजिमका कार्य गर्न अनुमति प्राप्त संस्था सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ।

(घ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित नेपाल कानून बमोजिम दर्ता वा स्थापना भई सञ्चालनमा रहेका मुनाफारहित संघ संस्था सम्झनु पर्छ ।

(ङ) "जिल्ला विपद् व्यवस्थापन कोष" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ११ बमोजिमको जिल्ला विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(च) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "परिवार" भन्नाले विपद् प्रभावितको एकाघरका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, बाजे, बज्यै, सौतेनी आमा र प्रभावित परिवारका आश्रित सदस्य सम्झनु पर्छ।

(ज) "पुनर्निर्माण" भन्नाले विपदबाट क्षति भएका सबै किसिमका भौतिक संरचनाको सुरक्षित तथा अझ बलियो नवनिर्माण गर्ने कार्य सम्झनु पर्छ।

(झ) "पुनर्स्थापना" भन्नाले विपदबाट क्षति भएको संरचना रहेको स्थानमा पुनर्निर्माण गर्न नमिल्ने र अन्यत्र कतै सुरक्षित एवं बसोबासयोग्य जमिन नभएको वा विपद् प्रभावित भूमिहीन परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थापन गर्ने कार्य सम्झनु पर्छ। यसले नेपाल सरहदभित्र अन्यत्र कुनै जिल्लामा आफ्नै घडेरीमा घर बनाई पुनर्स्थापना हुने कार्यलाई समेत जनाउँछ।

(ञ) "प्राधिकरण" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनु पर्छ।

(ठ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्यांकन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकास कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ड) "साझेदार संस्था" भन्नाले संयुक्त राष्ट्र संघीय निकाय, प्रचलित कानून बमोजिम दर्ता भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा अन्य सहयोगी संस्था वा एक वा एक भन्दा बढी दातृ संस्था एवं निजी क्षेत्र समेतलाई सम्झनु पर्छ।

(ढ) "स्थानीय विपद् व्यवस्थापन समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम गठित स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(३). <u>मार्गदर्शक सिद्धान्त:</u>

साझेदार संस्था देहायका मार्गदर्शक सिद्धान्तको अधीनमा रही परिचालन गरिने छ:-

(क) विपद् सम्बन्धी राष्ट्रिय नीति, रणनीति एवं कानूनी व्यवस्थाले निर्दिष्ट गरेका उद्देश्य हासिल गर्ने,

(ख) मानवीय सहायताको अन्तर्राष्ट्रिय सिद्धान्तमा आधारित हुने,

(ग) भौगोलिक एवं विषयगत क्षेत्र तथा विपद् संवेदनशील वर्ग तथा समुदायलाई समेट्ने,

(घ) एकद्वार प्रणाली अवलम्बन गरी स्रोत साधनको अभाव वा दोहोरोपना हुन नदिने,

(ङ) सरकारी निकायको नेतृत्वमा सबै साझेदार संस्थाको सहयोग परिचालित हुने, र

(च) बहुक्षेत्रगत सरोकारवालाको समन्वय र सहकार्यमा आधारित हुने ।

(४). <u>कार्यक्षेत्र तथा प्राथमिकताका क्षेत्र:</u>

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने साझेदार संस्थाले देहाय बमोजिमका कार्यक्षेत्रमा काम गर्न सक्नेछन्:-

(क) <u>विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरण:</u> विपद् जोखिमको पूर्वतयारी तथा जोखिम न्यूनीकरण, नियन्त्रण एवं रोकथाम सम्बन्धी कार्य।

(ख) <u>पूर्व सूचना प्रणाली:</u> बहु प्रकोपीय पूर्वसूचना प्रणालीको स्थापना, विकास तथा सञ्चालन सम्बन्धी कार्य।

(ग) <u>जोखिममा आधारित अग्रिम प्रतिकार्य:</u> विपद् जोखिमको पूर्वआँकलन र प्रभावका आधारमा गरिने जोखिम न्यूनीकरण सम्बन्धी पूर्वतयारीका कार्य।

(घ) <u>पूर्वाधार विकास तथा पुनर्निर्माण:</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक पूर्वाधारको नक्सा, डिजाइन तथा निर्माण, सम्पदा संरक्षण, व्यवस्थित ग्रामीण तथा सहरी आवास एवं वस्ती विकास गर्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन पूर्वाधार सम्बन्धी कार्य।

(ङ) <u>खोज, उद्धार र राहत:</u> विपद् पश्चातको खोज, उद्धार र तत्काल राहतसँग सम्बन्धित कार्य।

(च) <u>सामाजिक परिचालन तथा आर्थिक पुनर्स्थापना:</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा क्षमता विकास, आय आर्जन, जीविकोपार्जन, सीप विकास तालिम, जोखिमयुक्त समुदायको संरक्षण र सशक्तीकरण, मनोसामाजिक परामर्श, प्रविधि हस्तान्तरण लगायत आर्थिक तथा सामाजिक पुनर्स्थापना सम्बन्धी अन्य कार्य।

(छ) <u>विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन:</u> विपद् जोखिमका लागि वित्तीय व्यवस्थापनमा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय संस्थाहरूको समन्वय र सहयोग सम्बन्धी कार्य।

(ज) <u>अन्तरसम्बन्धित क्षेत्र:</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित र अन्तरसम्बन्धित प्राविधिक सहयोग, परामर्श, प्रचार प्रसार, जनचेतना, लैङ्गिक समानता तथा

सामाजिक समावेशीकरण, निर्माण सामग्री तथा उपकरण वितरण, आपूर्ति श्रृङ्खला व्यवस्थापन, निर्माण सामग्रीको ढुवानी तथा अनुदान सम्बन्धी कार्य।

(२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि भौगोलिक, भौगर्भिक एवम् भू-प्रविधि अध्ययन, अनुसन्धान, जोखिम न्यूनीकरण तथा आँकलन सम्बन्धी कार्यमा सुरक्षा संवेदनशीलतालाई समेत दृष्टिगत गरी प्राधिकरणको नेतृत्वमा साझेदार संस्थालाई परिचालन गर्न सकिनेछ।

(३) उपदफा (१) मा उल्लेखित कार्यका अतिरिक्त प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित अन्य क्षेत्र तोक्न सक्नेछ ।

(४) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्थालाई दफा यस दफामा उल्लेखित कार्यक्षेत्रमा परिचालन गर्दा देहाय बमोजिमको प्राथमिकताका आधारमा गरिनेछः-

(क) विपद् जोखिम न्यूनीकरण गर्ने विभिन्न विषयगत क्षेत्रका योजना निर्माण, पूर्वतयारी, जोखिम आँकलन, न्यूनीकरण, रोकथाम, क्षमता अभिवृद्धि र पूर्व भण्डारणमा सघाउने,

(ख) विपद् संवेदनशील वर्ग तथा समुदायको संरक्षण, क्षमता विकास तथा सशक्तीकरणमा सहयोग गर्ने,

(ग) विपद् जोखिमयुक्त वस्तीमा पूर्वाधार विकास तथा जीवन निर्वाहका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सम्बन्धित निकायले तोकेको मापदण्ड अनुरूप भौतिक तथा सामाजिक पूर्वाधार पुनर्निर्माणमा सघाउने,

(ङ) नवीनतम प्रविधिका साथै मौलिक ज्ञान, सीप तथा हरित प्रविधिको विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने,

(च) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक भौतिक संरचना निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने,

(छ) विपद् सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन, उपयोग एवं ज्ञान व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग उपलब्ध गराउने,

(ज) कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला तथा सीमान्तकृत र अति विपन्न परिवारलाई स्थानीय तहको समन्वयमा प्राथमिकीकरण गरी सहयोग गर्ने,

**(५). <u>साझेदार संस्था परिचालनमा प्राधिकरणको भूमिकाः</u>**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्राधिकरणको दफा ४ मा उल्लिखित कार्यक्षेत्रमा देहाय बमोजिमको भूमिका हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने साझेदार संस्थाले पछ्याउनु पर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय नीति, रणनीति, कार्यनीति, कार्यढाँचा, फ्रेमवर्क, मापदण्ड तथा कार्ययोजनाका बारेमा साझेदार संस्थालाई मार्गदर्शन गर्ने एवं उल्लिखित दस्तावेजभित्रका क्रियाकलापमा साझेदारी गर्न आवश्यक कार्यविभाजन, नक्साङ्कन र समन्वयका कार्य गर्ने,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने साझेदार संस्थाले पेश गरेको प्रस्तावमा सहमति दिने,

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्थाले गरेको कार्यको अनुगमन तथा समीक्षा गर्ने,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विभिन्न सरकारी निकाय तथा साझेदार संस्थासंग समन्वय तथा सहकार्य गर्ने,

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्यरत विभिन्न संस्थाको विवरण अध्यावधिक गर्ने,

(च) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्य गर्ने विभिन्न संस्थाले पेश गरेको प्रतिवेदन एकीकृत गरी सार्वजनिक गर्ने तथा प्राधिकरणबाट भएको अनुगमनको प्रतिवेदन सार्वजनिक गर्ने,

(छ) साझेदार संस्थासँग प्राधिकरणले सहकार्य गर्ने, प्राधिकरणलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने विषयमा पूर्व स्वीकृति प्रदान गर्ने, कार्यक्रम संयुक्त रुपमा सञ्चालन गर्ने, आर्थिक विवरण सहित उपलब्धीको विवरण तयार गर्ने र सार्वजनिकरण गर्ने।

**(६). <u>साझेदार संस्था परिचालनमा जिल्ला विपद् व्यवस्थापन र स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका:</u>**

साझेदार संस्था परिचालनमा जिल्ला विपद् व्यवस्थापन र स्थानीय विपद् व्यवस्थापन समितिको देहाय अनुसारको भूमिका खेल्नेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने साझेदार संस्थालाई आफ्नो क्षेत्रभित्र दोहोरो नपर्ने गरी क्षेत्र तोकी कार्यक्रम सञ्चालन गर्न सहमति/अनुमति दिने,

(ख) आफ्नो क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने साझेदार संस्थाको कार्यक्रमको अनुगमन गर्ने,

(ग) परियोजना संञ्चालनको सम्बन्धमा उत्पन्न हुन सक्ने विवाद एवं गुनासो व्यवस्थापन गर्ने,

(घ) आफ्नो क्षेत्रमा कृयाशिल साझेदार संस्थाहरूले गरेका कामकारवाहीको अभिलेखीकरण गर्ने,

(ङ) परियोजना सम्पन पश्चात कार्य सम्पन्न भएको सिफारिस गर्ने,

(च) लक्षित समूह छनोट एवं विशेष संरक्षण चाहिने व्यक्ति तथा परिवारको छनोट गर्न साझेदार संस्थालाई आवश्यक सूचना, तथ्याङ्क उपलब्ध गराउनुका साथै राष्ट्रिय नीति, कार्यढाँचा तथा मापदण्डबमोजिम कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने।

**(७). <u>साझेदार संस्थाले गर्नुपर्ने कार्य:</u>**

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा साझेदार संस्थाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २१ अन्तर्गत रही देहाय बमोजिमका कार्य गर्नुपर्नेछः-

(क) साझेदार संस्थाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय नीति, रणनीति, कार्यनीति, कार्यढाँचा, फ्रेमवर्क, मापदण्ड तथा कार्ययोजनाको कार्यान्वयनमा सहयोग पुग्ने गरी परियोजना प्रस्ताव तयार गरी परियोजना स्वीकृति तथा नवीकरणका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु अघि विपद् व्यववस्थापन सम्बन्धी क्रियाकलाप, कार्यान्वयन गर्ने स्थान, समय र बजेटसहितको परियोजना प्रस्ताव प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ,

(ख) खण्ड (क) बमोजिम पेश भएका परियोजना प्रस्तावका सन्दर्भमा दफा १० बमोजिमको समितिमा छलफल गरी समितिको निर्णय अनुसार अनुसूची-१ बमोजिमको सिफारिस लिनुपर्नेछ,

(ग) साझेदार संस्थाले संघीय विषयगत निकाय, प्रदेश सरकारको विपद् सम्बन्धी विषय हेर्ने मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ,

(घ) विपद् व्यवस्थापनसँग सम्बन्धित कृयाकलापमा प्राधिकरणसँग सहकार्य गर्ने प्राधिकरणलाई आर्थिक तथा प्राविधिक सहकार्य गर्ने विषयमा प्राविधिकरणसँग पूर्व स्वीकृति लिनुपर्ने र गरिएको सहयोगको नियमित रूपमा आर्थिक विवरण सहितको प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(ङ) विपद् जोखिम आँकलन सम्बन्धी तथ्यांक र नक्सांकनका विवरण प्राधिकरणमा पठाउनुपर्नेछ।

(च) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको अनुगमन प्रणाली वेभ साइट (www.mdsa.bipad.gov.np) मा अनिवार्य दर्ता गर्ने र समय समयमा अध्यावधिक गर्नुपर्नेछ,

(छ) कार्यक्रमको नियमित प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्राधिकरणमा बुझाउनुपर्नेछ,

(ज) कार्यक्रम सञ्चालनको समयमा प्राधिकरणद्वारा गरिने अनुगमनमा सहजीकरण गर्नुपर्नेछ।

(झ) कार्यक्रम सम्पन्न भएपश्चात् विपद् जोखिमसँग सम्बन्धित तथ्यांक, अध्ययन प्रतिवेदन, तालिम प्राप्त जनशक्तिको विवरण तथा प्रमुख उपलब्धी लगायत सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिबाट कार्य सम्पन्न सिफारिस सहित परियोजनाले सम्पादन गरेका कार्यको विस्तृत विवरण प्रतिवेदन प्राधिकरणलाई उपलब्ध गराउनुपर्नेछ।

(ञ) कार्यक्रम सञ्चालनका सिकाई तथा उपलब्धी समय समयमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च मार्फत आदानप्रदान गर्नुपर्नेछ।

(ट) साझेदार संस्थाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रममा राहत व्यवस्थापन र पूर्वाधार निर्माण गर्दा गराउँदा प्रचलित कानून बमोजिमको मापदण्ड विधिलाई अवलम्बन गर्नु पर्नेछ।

(२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा काम गर्न चाहने साझेदार संस्थाले विपन्न, दलित, एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र संकटासन्न तथा जोखिमयुक्त समुदायलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) साझेदार संस्थाले आवास, भवन तथा अन्य भौतिक संरचनाको पुनर्निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा क्षतिको आँकलनको परिधिमा रही प्राधिकरण एवम् नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत प्रचलित कार्यविधि, ढाँचा, संहिता, मापदण्ड, ड्रईङ, डिजाईन अनुरुप भौगोलिक क्षेत्र सुहाउँदो संरचनाको पुनर्निर्माण गर्ने गरी संचालन गर्नुपर्नेछ ।

(४) साझेदार संस्थाले गरेको खर्चको विवरण आयोजनाका लाभान्वित समूह तथा सरोकारवालाका बीचमा वार्षिक रूपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरी गराई सोको प्रतिवेदन सहितको जानकारी प्राधिकरणलाई समेत गराउनु पर्नेछ ।

(५) विपद् प्रभावित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, साम्प्रदायिकता र सामाजिक सद्भाव वा राष्ट्रिय सुरक्षामा खलल पार्ने तथा स्थानीय संस्कृतिको प्रतिकूल हुने गरी कुनै पनि क्रियाकलाप गर्न पाइने छैन। निश्चित धर्म, सम्प्रदाय, क्षेत्रीयता तथा राजनीतिक आस्थाका आधारमा कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(६) कार्यक्रम सञ्चालन गर्दा प्राधिकरणबाट तोकिएको स्थान वा समूहको लागि बाहेक अन्य प्रयोजन, स्थान वा समूहका लागि स्रोत परिचालन गर्न पाइने छैन ।

(७) साझेदार संस्थाले यस दफामा उल्लेख भएका शर्तको पालना नगरेमा प्राधिकरणले प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

## (८). <u>अनुगमन तथा प्रतिवेदनः</u>

(१) साझेदार संस्थाले आफूले सञ्चालन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन प्राधिकरण, प्रदेशको विपद्सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिमा अनिवार्य रूपमा अनुसूची -२ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

(२) साझेदार संस्थाले गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमको हकमा कानून बमोजिम अधिकार प्राप्त निकायका अतिरिक्त प्राधिकरण, प्रदेशको विपद्सम्बन्धी विषय हेर्ने मन्त्रालय, सम्बन्धित जिल्ला वा स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार अनुगमन गरी अनुसूची -३ बमोजिमको ढाँचामा प्राधिकरणमा प्रतिवेदन पेश गर्नुपर्नेछ । अनुगमनकर्ताले अनुगमनका क्रममा देखिएका कमी कमजोरी सुधारका लागि आवश्यक निर्देशन दिन सक्नेछन् ।

(३) प्राधिकरणले साझेदार संस्थाबाट संचालित कृयाकलापको विवरण अनुसूची -४ बमोजिमको ढाँचामा अभिलेख गरी वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## (९). <u>जानकारी माग गर्न सक्ने:</u>

(१) प्राधिकरण वा सम्बन्धित सरकारी निकायले आफ्नो कार्यक्षेत्रमा क्रियाशील साझेदार संस्थाबाट परियोजनासँग सम्बन्धित विषयको जानकारी माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको जानकारी तोकिएको समयभित्र उपलव्ध नगराउने, स्वीकृति बमोजिमको कार्यक्रम सञ्चालन नगर्ने र प्रगति विवरण समयमा उपलब्ध नगराउने साझेदारसंस्थालाई प्राधिकरणले निश्चित अवधिको लागि समाज कल्याण परिषद् मार्फत काम रोक्ने आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम काम रोक्ने आदेश गरेको जानकारी सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकारको सम्बन्धित निकाय तथा मन्त्रालयलाई गराउनु पर्नेछ।

## (१०). <u>समन्वय तथा सिफारिस समिति:</u>

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बद्ध साझेदार संस्थाका कार्यक्रम विपद्सँग सम्बन्धित राष्ट्रिय नीति, कानून, रणनीति, कार्ययोजना एवं यस कार्यविधि अनुकूल बनाउन समन्वय एवं सहजीकरण गर्ने र तदनुरूप साझेदार संस्थाबाट प्राप्त परियोजना प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समन्वय तथा सिफारिस समिति रहनेछ:-

| | |
|---|---|
| (क) सहसचिव, सम्बन्धित महाशाखा, प्राधिकरण | -संयोजक |
| (ख) उपसचिव अर्थमन्त्रालय | -सदस्य |
| (ग) उपसचिव, मन्त्रालय | -सदस्य |
| (घ) उपसचिव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (ङ) उपसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | -सदस्य |
| (च) उपसचिव, सम्बन्धित शाखा, प्राधिकरण | -सदस्य |
| (छ) शाखा अधिकृत, सम्बन्धित शाखा, प्राधिकरण | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिबाट सिफारिस भै आएको प्रस्ताव कार्यकारी प्रमुखबाट स्वीकृत गरी दफा ७ को उपदफा १ को खण्ड (ख) बमोजिम नियामक प्रकृयाका लागि सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ।

(३) समितिले सम्बन्धित विषयगत निकायका प्रतिनिधि तथा विषय विज्ञलाई आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) समितिले बैठकको कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

**(११). समन्वय गर्ने:**

(१) प्राधिकरणले साझेदार संघसंस्था परिचालन गर्दा संघीय निकाय, प्रदेशमा प्रदेशको विपद् सम्बन्धी विषय हेर्ने मन्त्रालय र स्थानीय तहमा आवश्यकता अनुसार समन्वय गर्नेछ।

(२) दफा १० को उपदफा (२) बमोजिम स्वीकृत परियोजनाको कार्यान्वयनको अनुगमन प्राधिकरणले गर्नेछ। कार्यक्रम कार्यान्वयनको सन्दर्भमा प्रदेश विपद व्यवस्थापन समिति, जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिले ऐनले दिएको अधिकार प्रयोग गरी आवश्यक समन्वय तथा अनुगमन गर्नेछन्।

**(१२). निर्देशन दिन सक्ने:**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यान्वयनको सन्दर्भमा प्राधिकरणले साझेदार संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**(१३). विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधिमा उल्लिखित कार्यहरू गर्ने गराउने सन्दर्भमा आधिकारिक ठेगानामा विद्युतीय माध्यमवाट गरिएको पत्राचारलाई मान्यता दिइनेछ।

**(१४). प्रचलित कानून बमोजिम हुने:**

(१) यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

**(१५). बाधा अड्काउ फुकाउ:**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ देखिएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची- १

(दफा ७ को उपदफा (१) (ख) सँग सम्बन्धित)

श्री समाज कल्याण परिषद्,
पुल्चोक, ललितपुर

**विषय: परियोजना स्वीकृत गरिएको जानकारी सम्बन्धमा।**

प्रस्तुत विषयमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८० को दफा १० (२) बमोजिम देहायको परियोजनालाई विपद् व्यवस्थापन सम्बन्धी विद्यमान कानूनको परिधि भित्र रही कार्यान्वयन गर्ने गरी मिति .......मा स्वीकृति दिइएको व्यहोरा तहाँको अभिलेखका लागि अनुरोध छ।

संस्थाको नाम: .......................................... संस्थाको कार्यक्षेत्र: ..........................................

परियोजनाको नाम: ...................................... परियोजनाको उदेश्य: ......................................

परियोजना कार्यान्वयन हुने स्थान : ....................................

परियोजनाको लागत:............................................ दातृ निकायको नाम:

परियोजनाले समेटेको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्र: ...............................................

समितिको सुझाव: ...........................................................

## अनुसूची- २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### त्रैमासिक प्रगति प्रतिवेदनको ढाँचा

**संस्थाको नामः-** ... ... ... ... ... ... ...
... ... ... ... त्रैमासिक प्रगति प्रतिवेदन
**आ.व.** ... ... ... ... ... ... ...
**संस्था प्रमुखः**
**क्षेत्रः** (क) भौगोलिकः ... ... ... ... ...(ख) विषयगतः ... ... ... ... ...

| क.सं. | आयोजनाको नाम | प्रमुख गतिविधि | कार्यसम्पादन सूचक | लक्ष्य | | | | | | हालसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समग्र लक्ष्य | | वार्षिक | | त्रैमासिक | | | |
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

<u>तयार गर्ने:</u>
दस्तखत:
नामथर:
पद:

<u>रुजु गर्ने:</u>
दस्तखत:
नामथर:
पद:

<u>प्रमाणित गर्ने</u>
दस्तखत:
नामथर:
पद:

## अनुसूची- ३
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**अनुगमनको ढाँचा**

१. अनुगमन गरिएको जिल्ला र स्थानीय तह:
२. अनुगमन गरिएको मिति: देखि सम्म
३. अनुगमन टोलीको संरचना:
४. परियोजनाको नाम:
५. परियोजनाको उद्देश्य:
६. परियोजनाको कार्यक्षेत्र:
७. परियोजनाको समयावधि:
८. अनुगमनमा देखिएका प्रमुख विषयहरु:
- सकारात्मक कृयाकलापहरू:
- परियोजनाका मुख्य उपलब्धी:
- समस्याहरू:
- समस्या समाधानमा भएका पहल:
- स्थलगत रुपमा समाधान गर्न नसकिएका समस्याहरू:
- समाधानका उपायहरू:

९. अनुगमन टोलीको सुझाव

अनुसूची- ४

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

साझेदार संस्थाबाट सञ्चालित कृयाकलाप

| क्र.सं. | साझेदार संस्थाको नाम | परियोजनाको नाम | परियोजना अवधि | कार्यान्वयन गर्ने संस्थाको नाम | परियोजनाको अपेक्षित उपलब्धी | विपद् सम्बन्धी कार्यको क्षेत्र/प्राथमिकता प्राप्त क्षेत्र | परिचालित भौगोलिक क्षेत्र (राष्ट्रिय स्तर/प्रदेशस्तर/जिल्ला /स्थानीय तह/वडा) | परिचालित भएको अवधि | भएको खर्च | लाभान्वित जनसंख्या (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| तयार गर्ने: | रुजु गर्ने: | प्रमाणित गर्ने |
|---|---|---|
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| नामथर: | नामथर: | नामथर: |
| पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: |